# विश्व-व्यापी महामारिको रुपमा फैलिएको कोभिड-१९ रोगको रोकथाम र व्यवस्थापनको लागि रघुगंगा गाउँपालिकाले गरेका पहलहरु

नेपाल सरकार तथा मन्त्री परिषद्को निर्णयानुसार निषेधआज्ञा भई सकेपछि प्रचार प्रसारको लागि ब्यानर र साउन्ड सिस्टमबाट प्रचार प्रसार र विभिन्न देशबाट आएका र नेपालका विभिन्न ठाउँबाट गाउँपालिका भित्रिएका नाम संकलन गर्ने काम तत्कालै भई सकेको चौतारी, पानी पधेरो,खेलमैदान सार्वजनिक ठाउँमा मान्छेको जमघट हुन नदिनका लागि कोभिड-१९ रोगको रोकथाम प्रचार प्रसार साथै व्यवस्थापनको लागी गाउँपालिका स्तरिय बिपद् व्यवस्थापन समिति गठन भई आठ वटै वडामा पनि समिति गठन भई सकेको छ। उक्त समितिमा आमासमुह युवा क्लब, स्वास्थ्य स्वयमसेवीका र अन्य सरोकारवालाहरुको समिति गठन भएको र थोँरै जनसंख्या हुने वडामा पाँच जना र धैरै जनसंख्याभएको वडामा एक/एक जना सुरक्षाकर्मी सहितको गरी ६ (छ) जना को समिति गठन भएको छ। उक्त समितिले आ-आफ्नो वडामा व्यापक प्रचार प्रसार परामर्श र माइकिङ्ग गर्दै घुमिरहेको छ। गाउँपालिकाका सबै जनप्रतिनिधिहरु बाट सूचना संकलन र अनुगमन भई रहेको छ र स्वास्थ्यकर्मिको सुरक्षाको लागि गाउँपालिकाका आठ वटै स्वास्थ्य संस्था लगायत महिन्द्र आयुर्वेदिक औषधालय र गाउँपालिका स्वास्थ्य शाखा प्रमुख लाई समेत लागि केहि मात्रामा मास्क, पन्जा थप औषधि र ह्यान्ड स्यानिटाइजर सहित एक/एक सेट पी.पी.ई. गाउँपालिकाबाट व्यवस्था गरिएको र थप आवश्यक सामग्रीको व्यवस्था गर्ने योजना रहेको छ। र सबै स्वास्थ्यकर्मीलाई आ-आफ्नो स्वास्थ्य संस्थामा तयारी अवस्थामा राखिएको छ, साथै स्वास्थ्यकर्मीको कामको उच्च मुल्याङ्कन गरी थप प्रोत्साहनको व्यवस्था गर्ने योजना रहेको छ। रघुगंगाको सबै आठ वडामा र गाउँपालिका केन्द्रमा गरि पाँच /पाँच बेडको क्वारेन्टाइन स्थल निर्माण र हातधुनको लागी डिटोल साबुन बाल्टी ,पानीको र डस्बीनको व्यवस्था गरिएको गरिएको छ। गाउँपालिकाले स्थापना गरेको विपद् व्यवस्थापन कोषमा रु ३० लाख जम्मा गर्ने निर्णय भएको र गा.पा. अध्यक्षको ब्यक्तिगत तर्फबाट रु ४ लाख गरी जम्मा ३४ लाखको बिपद् व्यवस्थापन कोष निर्माण गरिएको छ साथै यसकोषको रकम अझै बढाउने लक्ष्य रहेको छ र उक्तकोषबाट गरिव, विपन्न परिवार र यस गा.पा.मा बाहिर बाट आएका कामदारहरुलाई खाद्यान्न व्यवस्था गरिएको छ। प्रत्येक वडामा तयार गरिएको क्वारेन्टाइन बेडमा बिदेशबाट आएका र समय नपुगी जोखिममा रहेका नागरिकहरुलाई वडाको क्वारेन्टाइनमा प्रत्यक्ष स्वास्थ्यकर्मीको निगरानीमा राखिएको र देश भित्रैबाट आएका अन्यलाई होम क्वारेन्टाइनमा राखिएको र हालसम्म वडा नं १ बेगमा सात जना , वडा नं दग्नाममा २ जना, वडा नं ५ झि मा ३ जना , वडा नं ७ चिमखोलामा २ जना, वडा नं ८ कुइनेमंगलेमा १ जना गरी जम्मा १५ जनालाई वडाले निर्माण गरेको क्वारेन्टाइनमा राखिएको र अन्य वडामा क्वारेन्टाइनमा आउने क्रम जारी रहेको छ। देशमा निषेधआज्ञा रहेको र बजारहरु बन्द अवस्थामा र गाउँपालिकामा प्रशासकिय प्रमुख नभएपनि विभिन्न माध्यमबाट समन्वय गरी कोभिड-१९ रोगको रोकथामको लागि आवश्यक सामाग्रीहरु खरिद गरी व्यवस्थापन गरिएको छ। प्रत्येक नागरिकहरुलाई निषेध आज्ञा जारी गरिएको समय सम्म आ-आफ्नो घरमा सुरक्षित तरिकाले बस्नको लागि आग्रह गरिएको छ।